# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शंकरपुर, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७७/०७८
च.नं. ९५८ मिति:२०७८/०५/०२

श्री सि. एम. – प्रसंसा- दांउत जे. भी.

धनगढी, कैलाली ।

## बिषय: सम्झौता गर्न आउने बारे

यस कार्यालयबाट मिति २०७८/०३/०१ गतेको **"राजधानी" राष्ट्रिय दैनिक**, सार्वजनिक खरिद अंनुगमन कार्यालयको बिधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp र कार्यालयको वेवसाइट तथा सुचनापाटीमा प्रकाशित **बोलपत्र आव्हान** सम्बन्धि सूचना अनुसार देहायको कार्यकोलागि रितपुर्वक पेस भएका बोलपत्र मिति २०७८/०३/३१ मा खोलि मुल्यांकन समिति मा पेस भइ मुल्यांकन समितिले उक्त प्रस्तावको आर्थिक पक्षको मुल्यांकन गरी सार्बजनिक खरिद ऐन २०६३ को दफा २५ को उपदफा ८ अनुसार तपाइको बोलपत्र सारभूत रुपमा प्रभावाग्राही ठहर गरि स्वीकृतिका लागि छनौट गरेको र सोहि आधारमा मिति **२०७८/०४/२२** गते सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम **"हिमालय टाइम्स"** राष्ट्रिय दैनिकमा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएको थियो। बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएको ७ दिन भित्र कुनै पनि बोलपत्रदाताले सार्बजनिक खरिद ऐन २०६३ को दफा ४७ बमोजिम निबेदन नगरेको हुदा छनौट भएको तपाइको बोलपत्र स्वीकृत भएकोले सार्बजनिक खरिद ऐन २०६३(संसोधित) को दफा २७ को उपदफा ३ बमोजिम पन्ध्र दिन भित्र खरिद सम्झौता गर्नकोलागी सार्बजनिक खरिद नियमावली २०६४ (संसोधित) को दफा ११० अनुसार **कार्य सम्पन्न गर्नुपर्ने मितिले थप १३ महिना (२०७९/१२/३१) सम्म म्याद भएको**, तपशिल बमोजिमको कार्य सम्पादन जमानत र Line of Credit दाखिला गरी आवस्यक कागजातसहित सार्बजनिक खरिद ऐन २०६३ को दफा ५२ बमोजिम खरिद सम्झौता गर्न यस कार्यालमा आउन हुन अनुरोध छ। कार्य सम्पादन जमानत डिफेक्ट लायबलिटि पिरियड (त्रुटी सच्याउने दायित्व अवधि ) समाप्त भएपछि मात्र फिर्ता हुनेछ।

**तपशिल**

| **क्र.स.** | **कामको बिवरण** | **सम्पन्न गर्नु पर्ने मिति** | **कार्य सम्पादन जमानत रकम** (रु.) | Line of Credit रकम (रु.) |
|---|---|---|---|---|
| १. | LAL-21-2077/078: लालझांडी पार्क निर्माण, वडा नं-०१, सुख्खडघाँट (Construction of Laljhadi Park) | २०७८ फाल्गुन मसान्त | २,१७०,१२०.१४ (एकाइस लाख सतरी हजार एक सय बीस रुपैंया, चौध पैसा) | ३,५७,१४,००० .०० (तीन करोड सन्ताउन्न लाख चौध हजार रुपैंया) |

इन्जिनियर

२०७८/०५/०२

प्रमुख प्रशासकीय अधिकृत
**महेन्द्र सिंह रावल**
**प्रमुख प्रशासकिय अधिकृत**